आज मिति २०८३ साल श्रावण महिना १४ गते बिहीवारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक व
२०८३/०८४ को नगर कार्यपालिकाको दोस्रो वैठकका नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसि
अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| शारदा | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दयाराम श्रेक्ष्ठ | सदस्य | का. वडा अध्यक्ष १ |
| | श्री प्रेम बहादुर राना | सदस्य | का. वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री ओमदत्त थापा | सदस्य | वडा सदस्य ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम  सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| स्यानी | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री शोभाखर पोखरेल | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | | आमन्त्रित उपस्थिति | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |
| | श्री [illegible] पराजुली | | इन्जिनियर |

प्रमाणित

आर्थिक वर्ष २०८३/०८४ को दोस्रो नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः मितिः (२०८३/०४/१४)

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा,

२. आ.व. ०८३/०८४ को स्थानिय दररेट निधारण सम्बन्धमा,

३. आ.व. ०८२/०८३ को वार्षिक समिक्षा सम्बन्धमा,

४. विविध

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८३/०४/०१ गते वसेको नगर कार्यपालिकाको आ.व. २०८३।०८४ को पहिलो बैठकमा भएका निर्णयहरूको समीक्षा गरियो । निर्णय कार्यान्वयन हुन बाँकी निर्णयहरू शिघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला दररेट निधारण समिति तनहुँबाट आ. व. २०८३/०८४ को लागि स्वीकृत दररेटलाई यस नगरपालिकाको दररेट कायम गर्ने ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समिक्षा गोष्ठी मिति २०८३ साल श्रावण महिनाको २१ र २२ गते गर्ने र सोको लागि सबै वडा कार्यालय र शाखाहरुले आवश्यक तयारी गर्न निर्देशन गर्ने ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट समावेश गरिएको आ.व. ०८३ /०८४ को वार्षिक नगर विकास योजना मिति २०८३/०४/१५ सार्वजनिक गर्ने ।

निर्णय नं. ५

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आ.ब. ०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमहरु कार्यान्वयन गर्न वार्षिक कार्ययोजना बनाउने र उक्त कार्य योजना बमोजिम ठेक्का लगाउनु पर्ने योजनाहरुको सिघ्र ठेक्का प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं. ६

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७५ लाई तपसिल बमोजिमका संशोधन गर्ने ।

तपसिल

| कार्यविधिको दफा | हाल भएको व्यवस्था | संशोधन पछिको व्यवस्था |
|---|---|---|
| ३ | ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा यस | यस दफालाइ कायम राखी यो वाक्याँश थप्ने "तर |

| कार्यविधिको दफा | हाल भएको व्यवस्था | संशोधन पछिको व्यवस्था |
|---|---|---|
| | कार्यविधिको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकता प्रमाणपत्रको आकार बराबरको हुनेछ । | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित सफ्ट्वयर मार्फत वितरण गरिने परिचयपत्रको ढाँचा र आकार सोही बमोजिम हुनेछ" |
| ८ (क) | ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं एवं निजको संरक्षकले नगर कार्यपालिकामा अनुसूचि-२ वंमोजिमको निवेदन फाराम पेश गर्नु पर्नेछ। | ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित वडा कार्यालयमा अनुसूचि-२ वमोजिमको निवेदन फाराम पेश गर्नु पर्नेछ । |
| ८ (ख) | परिचयपत्र प्राप्त ज्येष्ठ नागरिकहरुको अभिलेख नगर कार्यपालिकाले राख्नेछ । उक्त अभिलेखको विवरण वार्षिकरुपमा प्रदेश र संघको सम्वन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ । | परिचयपत्र प्राप्त ज्येष्ठ नागरिकहरुको अभिलेख सम्बन्धित वडा कार्यालयले राख्नेछ । उक्त अभिलेखको विवरण वार्षिकरुपमा नगर कार्यपालिकाको कार्यालय, प्रदेश र संघको सम्वन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ । |
| अनुसूची १ | प्रमाणित गर्ने अधिकृतको दस्तखत | प्रमाणित गर्ने अधिकारीको दस्तखत |
| अनुसूची २ | श्री कार्यालय प्रमुख ज्यू भिमाद नगरपालिका तनहुँ | श्री वडा अध्यक्षज्यू /वडा कार्यालय, भिमाद नगरपालिका, तनहुँ |

निर्णय नं. ७

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि, २०८० लाई) ग र घ वर्गको अपाङ्गता भएका व्यक्ति र मनोसामाजिक समस्या भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि तपसिल बमोजिमका संशोधन गर्ने ।

तपसिल

| कार्यविधिको दफा | हाल भएको व्यवस्था | संशोधन पछिको व्यवस्था |
|---|---|---|
| ६ (क) | स्वास्थ्य बीमा सहयोग कार्यक्रमका बारेमा सम्बन्धित पक्षबाट आवेदन माग गर्न भिमाद नगर कार्यपालिकाबाट १५ दिने सुचना प्रकाशन गरिनेछ । | यो प्रावधानलाई यथावत राखी यो वाक्याँश थप्ने "यस्तो सूचना आवश्यकता अनुसार वर्षमा २ पटक गर्न सकिनेछ । |
| ११ (३) | विमितले उपदफा (२) बमोजिम मापदण्ड पुर्याएको खण्डमा नगरपालिकाले सम्वन्धित विमितको बैक खातामा जम्मा गर्नेछ । | यस प्रावधानलाइ यथावत राखी यो वाक्याँश थप्ने "तर बीमीतले तत्काल बीमा बापतको रकम उपलब्ध गराउन नसकी उपदफा (२) बमोजिमका कागजातहरू सहित स्वास्थ्य बीमा वोर्डको खातामा बीमा बापतको रकम भुक्तानी गरिदिन अनुरोध गरेमा उक्त बीमा वापतको रकम नगरपालिकाले सोझै स्वास्थ्य बीमा बोर्डको खातामा भुक्तानी गर्न सक्नेछ" |

प्रमाणित

निर्णय नं. ८

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई आगामी आर्थिक वर्षहरूसँग तादाम्यता मिलाउन, स्रोतको सुनिश्चितता गर्न र विकासका प्राथमिकताहरूलाई व्यवस्थित बनाउनको लागि भिमाद नगरपालिकाको **मध्यमकालीन खर्च संरचना (MTEF)** बनाउने ।

निर्णय नं. ९

प्रस्ताव नं. ४ माथी छलफल गर्दा भिमाद नगर कार्यपालिकाको कार्यालय र मातहतका स्वास्थ्य संस्थाहरुमा रिक्त तपसिल बमोजिमका पदहरुमा करार सेवामा भर्ना गर्ने ।

तपसिल

| क स | पद | सेवा/समूह | रिक्त संख्या |
|---|---|---|---|
| १ | रोजगार संयोजक अधिकृतस्तर छैठौं | | १ |
| २ | लघु उद्यम सहकर्ता चौथो तहको | | १ |

निर्णय नं. १०

प्रस्ताव नं. ४ माथि छलफल गर्दा **बहिनी एडुकेयर फाउण्डेशन पोखरा नेपाललाई** आर्थिक वर्ष २०८३।०८४ **मा एकल महिला तथा अभिभावक गुमाएका बालबालिकाहरुलाई शिक्षा स्वास्थ्य रोजगारी जिविकोपार्जन सशक्तिकरण एव परामर्श सम्बन्धी** कार्यक्रम तथा जनचेतनामूलक तालिम संचालनको गर्न अनुमति दिने ।

निर्णय नं. ११

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकामा रहेका सामुदायिक वन व्यवस्थापन गर्नको लागि बनेको भिमाद नगरपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि २०८३ स्वीकृत गर्ने ।

निर्णय नं. १२

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय पाठयक्रम २०८२ मा आधारित रही मेरो भिमाद स्थानीय पाठयपुस्तक कक्षा ६ देखि ८ को लेखन कार्यदल शिक्षा शाखा प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको कार्यदल गठन गर्ने ।

तपसिल

संयोजक - श्री सन्दिप पौडेल, शिक्षा, युवा तथा खेल़कुद शाखा प्रमुख

सदस्य - श्री दामोदर खनाल, प्रधानाध्यापक शंकर मा. वि. भिमाद, १

सदस्य - श्री सुरज लम्साल, शिक्षक जनज्योति मा. वि, भिमाद, ६

सदस्य - श्री खिमाकान्त पराजुली निवृत्त शिक्षक भिमाद, ६

सदस्य - शान्ति गुरुङ शिक्षक बुचाखानी मा. वि. भिमाद, ९

निर्णय नं. १३

प्रस्ताव नं. ४ माथि छलफल गर्दा न्याय हेल्थ नेपाललाई आर्थिक वर्ष २०८३।०८४ मा Scale up of Integrated Healthcare Model for Quality Healthcare सम्बन्धी कार्यक्रम संचालनको गर्न अनुमति दिने ।